सि.न.	जिल्ला	घटना मिति	दुर्घटनाको विवरण	घाइते	मृत्यु	पक्राउ	कै.
१	मोरङ	2081-08-06	सुन्दरहरैचा नपा १० स्थित खोर्साने केराबारी सडक खण्डमा केराबारीबाट खोर्साने तर्फ आउँदै गरेको को २२ प ६२६ नं को मो.सा. र बाटो क्रस गर्दै गरको को २ ह ३५४ नं को अटो एक आपसमा ठक्कर खाइ दुर्घटना हुँदा मोसा चालक जि झापा गौरादह गा. पा. २ बस्ने बर्ष ३० को भुवनसिंङ खड्काको दाहिने हातमा चोट लागि घाईते भई उपचारको लागि सुकुना सामुदायिक अस्पताल बिराटचोक पठाएको,	१		१	
२	मोरङ	2081-08-02	उर्लाबारी नपा ३ मंगलबारे स्थित पुर्व पश्चिम राजमार्गमा उर्लाबारीबाट पथरी तर्फ जाँदै गरेको बागमती प्रदेश-०१-०२५च७०२२ नम्बरको कार र बिपरित दिशाबाट आउदै गरेको प्रदेश १-०१-०१७प३३२५ नम्बरको मोसा एक आपसमा ठक्कर दिई दुर्घटना हुँदा मोसा चालक जिल्ला मोरङ उर्लाबारी नपा -७ बस्ने बर्ष ४९ को दिवस दुलाल घाईते भई मदन भण्डारी अस्पताल तथा ट्रमा सेण्टर मंगलबारेमा उपचार पश्चात थप उपचारकोलागि नोवेल अस्पताल बिराटनगर रेफर गरेको।	१			
३	मोरङ	2081-08-01	पथरीशनिश्चरे न.पा.२ पूर्व पश्चिम राजमार्ग सुनझोडा स्थितमा पूर्वबाट पश्चिम तर्फ आउँदै गरेको बागमती प्र०३-००१ख२९२८नण.को टिप्परले बिपरित दिशा तर्फ जाँदै गरेको को.२० प ६०७ नं.को मो.सा.लाई ठक्कर दिई दुर्घटना हुँदा मो.सा.चालक पथरीशनिश्चरे न.पा.७ बस्ने वर्ष १८ को निश्चल आङदेम्बे र मो.सा. पछाडी सवार ऐ वडा नं.२ बस्ने वर्ष ४८ को प्रितम गौतम गम्भीर घाईते भई उपचारको लागि मदन भण्डारी तथा ट्रमा सेन्टर मंगलबारे उर्लाबारी पठाईएकोमा डाक्टरद्वारा ऐ.१५:२० बजे दुवैजनालाई मृत घोषणा गरेको,		२	१	
४	मोरङ	2081-08-05	उर्लाबारी नपा -७ स्कुलडाँडा स्थित पुर्व पश्चिम राजमार्गमा पथरीबाट उर्लाबारी तर्फ आँउदै गरेको ना८ख ११८२ नम्बरको लहरी ट्रकले सोहि दिशा तर्फ आउदै गरेको साईकल यात्री जिल्ला मोरङ उर्लाबारी नपा – ४ बस्ने बर्ष ४०को बालकृष्ण प्रधानलाई ठक्कर दिई दुर्घटना हुँदा निजको दाहिने खुटामा गहिरो चोट , अरनिको अस्पतालमा उपचारको लागि पठाइएको सामान्य।	१		१	
५	मोरङ	2081-08-05	सुन्दरहरैचा नपा ७ गोठगाउ स्थित पुर्व पश्चिम लोकमार्गमा सलकपुर बाट गोठगाँउ तर्फ जादै गरेको ०२ सुन्दरहरैचा १०११ न. को सिटि सफारीलाई सोहि दिशा तर्फ जादै गरेको को २ त ६३४७ न. को ट्याक्टरले पछाडिबाट ठक्कर दिई दुर्घटना हुँदा सिटिमा सवार ऐ. बस्ने कल्पना प्रधानको छोरी बर्ष अ. २ की कृष्टिना प्रधानको टाउकोमा चोट अवस्था तत्काल सामान्य,ऐ बस्ने बर्ष ५० कि हेमकला प्रधानको बाहिरी चोट नदेखिएको शरिर दुख्ने अवस्था सामान्य उपचारको लागि बिराट टिचिङ अस्पताल बिराटनगर पठाएको सिटि चालक ऐ २ बस्ने बर्ष ५१ को प्रेम बहादुर पौडेलको हात खुट्टामा चोट स्थानिय २४ घण्टे मेडिकलमा उपचारको लागि पठाइएको अवस्था सामान्य	३		१	
६	मोरङ	2081-08-02	उर्लाबारी नपा ३ नयाँ मंगलबारे स्थित पुर्व पश्चिम राजमार्गमा उर्लाबारीबाट पथरी तर्फ जाँदै गरेको मे १ ख ३२६९ नं.को बसले ऐ दिशा जाँदै गरेको प्रदेश १-०२-०४१ प ९८३८ नं.को मोसालाई ठक्कर दिई दुर्घटना हुँदा मोसा चालक जिल्ला मोरङ पथरीशनिश्चरे नपा १० बस्ने बर्ष ३४ को भिम लिम्बु घाईते भई ट्रमा सेण्टर मंगलबारेमा उपचार भइरहेको शरिरको बिभिन्न भागमा चोट अवस्था मध्यम।	१		१	
७	मोरङ	2081-08-02	सुन्दरहरैचा नगरपालीका ६ झन्डा चोक स्थित पुर्व पश्चिम राजमार्गमा ईटहरीबाट गछिया तर्फ आउदै गरेको को३९प५३७९ नम्बरको मोसाले उत्तरबाट दक्षिण तर्फ बाटो क्रस गर्दै गरेको साईकल यात्री ऐ.६ बस्ने वर्ष ३२ को बिशाल साहलाई ठक्कर दिई दुर्घट्ना हुदा निजको दुबै खुट्टा र हातमा चोट अवस्था सामान्य	१		१	

८	मोरङ	2081-08-08	सुन्दरहरैचा नगरपालीका ४ दुलारी चोक स्थित पुर्व पश्चिम राजमार्गमा ईटहरीबाट बलिया तर्फ आउदै गरेको WB74BC8497 नम्बरको मो.सा ले उत्तरबाट दक्षिण तर्फ बाटो क्रस गर्दै गरेको पैदल यात्री ऐ.६ बस्ने वर्ष ४० को बल बहादुर कुईकेललाई ठक्कर दिई सवारी दुर्घट्ना हुदा निजको निधारमा चोट अवस्था सामान्य	१		०	
९	मोरङ	2081-08-06	पथरीशनिश्चरे न.पा.१० सिबिरडाँडा स्थित पुर्वपश्चिम राजमार्गमा पथरीबाट बेलबारी तर्फ जादै गरेको बा ६९ प २७६ न.को मो.सा. आफै अनियन्त्रित भई दुर्घटना हुँदा मो.सा. चालक जि. मोरङ उर्लाबारी न.पा.-२ सालबारी बस्ने बर्ष ३८ को उमेश जंग थापाको नाक र दाइने आखामा चोट लागी उपचारको लागी नोबेल अस्पताल बिराटनगर पठाइएको।	१		०	
१०	मोरङ	2081-08-05	पथरीशनिश्चरे न.पा.-१० डाँस पुल स्थित पुर्वपश्चिम राजमार्गमा दमकबाट बेलबारीतर्फ जाँदै गरेको मे ४ प ३५१ नम्बरको मो.सा.ले बाटो काट्दै गरेको पैदलयात्री ऐ.ऐ. बस्ने बर्ष २२ को बसन्त राईलाई ठक्कर दिंदा निजको दुबै हातको कुहिना, दुबै खुट्टा र टाउकोमा चोट लागी पथरी अस्पताल पथरीमा सामान्य उपचार पश्चात थप उपचारको लागी न्यूरो अस्पताल बिराटनगर रिफर गरेको।	१		०	
११	मोरङ	2081-08-04	उर्लावारी नपा. ३ मंगलवारे चोक स्थित पुर्व पश्चिम राजमार्गमा उर्लावारीबाट पथरी तर्फ जाँदै गरेको को २३ प ७५६४ नम्बरको मो.सा. ले बाटो क्रस गर्दै गरेको साईकल यात्री ऐ. उर्लावारी नपा. २ वस्ने वर्ष ४९ को विष्णु प्रसाद लुईटेललाई ठक्कर दिंदा टाउको, हात र खट्टामा चोट लागि उपचारको लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलवारे पठाई उपचार भईरहेको, अवस्था मध्यम, मोसा चालक जिल्ला मोरङ कानेपोखरी गा.पा. ३ वस्ने वर्ष ३८ को चिरञ्जिवी राजवंशीको दाहिने खुट्टामा सामान्य चोट लागि सोही अस्पतालमा उपचारको लागि पठाइइको	२		०	
१२	मोरङ	2081-08-06	उर्लाबारी न.पा ३ नँया मंगलबारे स्थित पूर्व पश्चिम राजमार्गमा पथरीबाट उर्लाबारीतर्फ आउदै गरेको प्र १-०२-०५० प ८४०६ नम्बरको मो.सा. र उर्लाबारीबाट पथरीतर्फ जादै गरेको प्र १-०२-०४३ प ९२२६ नम्बरको मो.सा. एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा ४ जना घाईतेहरुलाई उपचारको लागी अस्पतालमा पठाईएको, सबैको अवस्था गम्भिर रहेकोमा २ जनाको डाक्टरले चेकजाँच गर्दा मृत घोषणा गरेको र २ जनाको अवस्था गम्भीर रहेको, मृतकहरु १) अरनिको अस्पताल उर्लाबारी–जि. मोरङ पथरीशनिश्चरे न.पा. ०५ बस्ने बर्ष अं. ४०/४२ को दिपक धिमाल – डाक्टरले चेकजाँच गर्दा मृत घोषणा गरेको।	१	३	०	
१३	मोरङ	2081-08-10	पथरीशनिश्चरे न.पा.-१ पश्चिम बस स्टेण्ड स्थित पुर्व पश्चिम राजमार्गमा बेलबारीबाट उर्लाबारीतर्फ जाँदै गरेको प्र१-०२-०४० प ६०२५ नम्बरको मो.सा. लाई सोही दिशातर्फ जाँदै गरेको NL-01 AD 5511 नं. को लहरीले ठक्कर दिई दुर्घटना मो.सा. चालक जि. सुनसरी धरान उप-मनपा-११ कुबिदा टोल बस्ने धनराज राईको छोरा अं. बर्ष २० को टार्जन राई गम्भिर घाईते भई उपचारको लागी मदन भण्डारी ट्रमा सेन्टर मंगलबारेतर्फ पठाएकोमा ऐ. १९;१५ बजे सोही अस्पतालको चिकित्सकले मृत घोषणा गरेको।		१	१	

१४	मोरङ	2081-08-02	पथरीशनिश्चरे न.पा.१ जातेमोड स्थित पूर्व पश्चिम राजमार्गमा पथरी तर्फ आउँदै गरेको प्र.-३-०१-०२३ च. ३५९२ नं.को पानी बोकेको पिकअपले ऐ.दिशा तर्फ जाँदै गरेको प्र.१-०२-०५५ प. ७३८ नं.को मो.सा.लाई ठक्कर दिँदा मो.सा.अनियन्त्रित भई विपरीत दिशाबाट आउँदै गरेको प्र.-१.-०१-००१ ख ४१६३ नं.को बसमा ठक्कर खाई दुर्घटना हुँदा मो.सा.चालक ऐ.सुन्दर हरैचा न.पा.६ बस्ने वर्ष २८ को रमेश खड्का र मो.सा.पछाडि सवार जि.उदयपुर चौदण्डीगढी न.पा.२ बस्ने वर्ष २४ की कृष्ण कुमारी खड्का घाईते भएको, उपचारको लागि न्युरो अस्पताल विराटनगर पठाएको, अवस्था गम्भीर, उक्त मो.सा. चालक बर्ष २८ को रमेश खड्काको ऐ. १२;२५ बजेको समयमा सोही अस्पतालको डाक्टरले मृत्यु घोषणा गरेको।	१	१	२	
१५	मोरङ	2081-08-10	सुन्दरहरैचा नगरपालिका ४ जब्दी टोल स्थित पुर्व पश्चिम राजमार्गमा गछियाबाट ईटहरी तर्फ जादै गरेको को १ ह २३७१ नम्बरको सिटीसफारीलाई सोही दिशाबाट जादै गरेको प्र १-०१-०१३ प ५३२० नम्बरको स्कुटरले पछाडीबाट ठक्कर दिई दुर्घटना हुदा स्कुटर चालक जि. मोरङ उर्लावारी न.पा. ६ बस्ने वर्ष ३२ की मिरा कार्कीको बाहिरी चोट केही नदेखिएको अवस्था सामान्य, सोही स्कुटर पछाडी सवार ऐ.ऐ. बस्ने वर्ष ६५ कि माया बोहोराको निधारमा चोट अवस्था सामान्य, दुबै जना घाईतेलाई उपचारको लागी नमोसाय मेडकिल गछिया तर्फ पठाएको	२		१	
१६	मोरङ	2081-08-09	सुन्दरहरैचा न.पा.-७ गछिया स्थित पुर्व पश्चिम लोकमार्गमा गछियाबाट गोठगाउतर्फ आउँदै गरेको प्र १-०२-०५२ प २१०९ नं. को स्कुटरले सोहि दिशातर्फ जाँदै गरेको साईकललाई ठक्कर दिंदा साईकल चालक ऐ.ऐ. सुन्दरहरैचा न.पा. -६ बस्ने बर्ष २२ कि संगिता कार्कीको दाहिने खुट्टामा चोट, सोहि साईकलमा सवार निजको छोरा बर्ष २ को सनिप रायको टाउकोमा चोट, दुवै जानको अवस्था सामान्य	२		०	
१७	मोरङ	2081-08-09	सुन्दरहरैचा न.पा. -५ दुलारी स्थित पुर्व पश्चिम लोकमार्गमा इटहरीबाट गछियातर्फ आउँदै गरेको बा. प्र ०८-००१ च ०४७ नं. को हायस गाडीले दक्षिणबाट उत्तरतर्फ बाटो काट्दै गरेको साईकललाई ठक्कर दिंदा साईकल चालक ऐ.ऐ. सुन्दरहरैचा न.पा.-४ बस्ने बर्ष ४४ को चन्द्र कुमार राईको टाउको र हातखुट्टामा चोट लागि घाईते भई उपचारको लागि बि.पि. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान घोपा लगेकोमा चिकित्सकले चेकजाँच गर्दा ऐ. १६;३५ बजे मृत घोषणा गरेको। हायस चालक जि. झापा भद्रपुर न.पा.-८ बस्ने बर्ष २६ को बिशाल दासलाई नियन्त्रणमा लिई इप्रका बेलबारीतर्फ पठाएको।		१	१	
जम्मा घटना संख्या: १७				१९	८	११	०

<u>पूर्व पश्चिम राजमार्गअन्तर्गत मोरङ खण्डमा भएको सवारी दुर्घटना सम्बन्धी विवरण: (२०८१।०८।०१ गतेदेखि २०८१।०८। १० गतेसम्म)</u>

जम्मा सवारी दुर्घटना: १७ वटा, मानिस मृत्यु- ८ जना, घाइते- १९ **जना।**